# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, साउन १८ गते, २०७८ साल (संख्या १६

# भाग ३

## नेपाल सरकार

## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

## सूचना

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) नियमावली, २०७३ को नियम २३ ले दिएको अधिकारको प्रयोग गरी सो नियमावलीको अनुसूची-६ र अनुसूची-१६ को सट्टा देहायका अनुसूची-६ र अनुसूची-१६ राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

"अनुसूची-६

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

मानव शरीरको अङ्ग प्रत्यारोपण सम्बन्धी क्रियाकलाप सञ्चालन गराउन व्यक्तिगत इजाजत पत्र प्राप्त गर्न चिकित्सकको योग्यता

## १. मृगौला प्रत्यारोपणको लागि

(क) मृगौला प्रत्यारोपण शल्य चिकित्सक:

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर गरी युरोलोजी वा मृगौला प्रत्यारोपण विषयमा एम.सी.एच. वा सो सरहको उपाधि प्राप्त गरी निरन्तर वार्षिक न्यूनतम् पच्चीस वटा मृगौला प्रत्यारोपण हुने संस्थामा कम्तीमा एक वर्ष मृगौला प्रत्यारोपण शल्यचिकित्सा टोलीको सक्रिय सदस्यको रुपमा कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको, वा

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट मृगौला प्रत्यारोपण वा युरोलोजी वा जनरल सर्जरी वा भास्कुलर सर्जरी विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी निरन्तर वार्षिक न्यूनतम् पच्चीस वटा मृगौला प्रत्यारोपण हुने संस्थामा कम्तीमा तीन वर्ष मृगौला प्रत्यारोपण शल्य चिकित्सा टोलीको सक्रिय सदस्यको रुपमा कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको ।

(ख) मृगौला प्रत्यारोपण फिजिसियन:

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर गरी नेफ्रोलोजी विषयमा डी. एम. वा सो सरहको उपाधि प्राप्त गरी निरन्तर वार्षिक

न्यूनतम् पच्चीस वटा मृगौला प्रत्यारोपण हुने संस्थामा कम्तीमा एक वर्ष मृगौला प्रत्यारोपण चिकित्सा टोलीको सक्रिय सदस्यको रुपमा कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको, वा

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजी वा इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी निरन्तर वार्षिक न्यूनतम् पच्चीस वटा मृगौला प्रत्यारोपण हुने संस्थामा कम्तीमा तीन वर्ष मृगौला प्रत्यारोपण टोलीको सक्रिय सदस्य रही कार्य गरेको र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको ।

## २. <u>कलेजो प्रत्यारोपणको लागि</u>

(क) <u>कलेजो प्रत्यारोपण शल्य चिकित्सक:</u>

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर गरी कलेजो प्रत्यारोपण वा ग्याष्ट्रोइन्टेष्टाइनल वा हेपाटोबिलियरी सर्जरी विषयमा एम.सी.एच. वा सो सरहको उपाधि प्राप्त गरी निरन्तर वार्षिक न्यूनतम् बाह्र वटा कलेजो प्रत्यारोपण हुने संस्थामा कम्तीमा एक वर्ष कलेजो प्रत्यारोपण शल्य चिकित्सा टोलीको सक्रिय सदस्यको रुपमा कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको, वा

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरी वा कलेजो प्रत्यारोपण वा ग्याष्ट्रोइन्टेष्टाइनल वा हेपाटोबिलियरी सर्जरी विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी निरन्तर वार्षिक न्यूनतम् बाह्र वटा कलेजो

प्रत्यारोपण हुने संस्थामा कम्तीमा तीन वर्ष कलेजो प्रत्यारोपण शल्य चिकित्सा टोलीको सक्रिय सदस्यको रुपमा कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको ।

(ख) कलेजो प्रत्यारोपण फिजिसियनः

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर गरी कलेजो प्रत्यारोपण वा ग्याष्ट्रोइन्टेरोलोजी वा हेपाटोलोजी विषयमा डी एम वा सो सरहको उपाधि प्राप्त गरी निरन्तर वार्षिक न्यूनतम् बाह्र वटा कलेजो प्रत्यारोपण हुने संस्थामा कम्तीमा एक वर्ष कलेजो प्रत्यारोपण चिकित्सा टोलीको सक्रिय सदस्यको रुपमा कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको, वा

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट कलेजो प्रत्यारोपण वा ग्याष्ट्रोइन्टेरोलोजी वा हेपाटोलोजी वा इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी निरन्तर वार्षिक न्यूनतम् बाह्र वटा कलेजो प्रत्यारोपण हुने केन्द्रमा प्रत्यारोपण टोलीको सक्रिय सदस्यको रुपमा कम्तीमा तीन वर्षको कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएका चिकित्सक ।

**३. मुटु वा फोक्सो प्रत्यारोपणको लागि**

(क) मुटु वा फोक्सो प्रत्यारोपण शल्य चिकित्सकः

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर गरी मुटु प्रत्यारोपण वा कार्डियोथोरासिक वा भाष्कुलर सर्जरी विषयमा एम.सी.एच. वा सो

सरहको उपाधि प्राप्त गरी वार्षिक न्यूनतम् एक सय वटा मुटुको शल्यक्रिया हुने अस्पतालमा कम्तीमा दुई वर्ष टोलीको सक्रिय सदस्य रही कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको, वा

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट मुटु प्रत्यारोपण वा कार्डियोथोरासिक वा भाष्कुलर वा जनरल सर्जरी विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी वार्षिक न्यूनतम एक सय वटा मुटुको शल्यक्रिया हुने अस्पतालमा कम्तीमा तीन वर्ष टोलीको सक्रिय सदस्य रही कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको।

(ख) मुटु वा फोक्सो प्रत्यारोपण फिजिसियनः

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर गरी कार्डियोलोजी विषयमा डी.एम. वा सो सरहको उपाधि प्राप्त गरी निरन्तर वार्षिक न्यूनतम् पच्चीस वटा अङ्ग प्रत्यारोपण हुने केन्द्रमा प्रत्यारोपण टोलीको सक्रिय सदस्यको रुपमा कम्तीमा एक वर्षको कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको, वा

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजी वा इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी निरन्तर वार्षिक न्यूनतम् पच्चीस वटा अङ्ग प्रत्यारोपण हुने केन्द्रमा प्रत्यारोपण टोलीको सक्रिय सदस्यको रुपमा कम्तीमा तीन वर्षको कार्य अनुभव प्राप्त र नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ दर्ता भएको ।

अनुसूची-१६

(नियम १४ सँग सम्बन्धित)

अङ्ग ग्रहण गर्ने व्यक्तिको प्राथमिकता सूची

१. **मृगौला प्रत्यारोपणको लागि:**

(क) सम्बन्धित विशेषज्ञबाट बिरामी मृगौला रोगको अन्तिम स्थितिमा पुगेको (ग्लोमेरुलर फिल्ट्रेशन रेट पन्ध्र मिलिलिटर प्रतिमिनेट भन्दा कम) र प्रत्यारोपण गर्न योग्य प्रमाणित भएको व्यक्ति मात्र मृगौला प्रत्यारोपण गर्न चाहने व्यक्तिको प्रतिक्षा सूचीमा रहनेछन् ।

(ख) मृगौला वितरण (Sharing) का आधार मापदण्ड तथा प्राथमिकता:

(१) ABO रक्त समूहसँगको अनुकूलता,

(२) डायलाइसिसमा रहेको अवधि,

(३) अठार वर्ष भन्दा कम उमेरका बिरामी,

(४) बहुअङ्ग आवश्यक पर्ने (मृगौला-प्यानकृयाज इत्यादी प्रत्यारोपण गर्न आवश्यक बिरामी),

(५) रक्त समूहको आधारमा प्राथमिकता:

(अ) रक्त समूह ए (A) भएको दाताबाट रक्त समूह ए (A) भएको ग्रहणकर्तामा,

(आ) रक्त समूह बी (B) भएको दाताबाट रक्त समूह बी (B) भएको ग्रहणकर्तामा,

(इ) रक्त समूह एबी (AB) भएको दाताबाट रक्त समूह एबी (AB)भएको ग्रहणकर्तामा,

(ई) रक्त समूह ओ (O) भएको दाताबाट रक्त समूह ओ (O) भएको ग्रहणकर्तामा ।

तर एकै रक्त समूहको योग्य ग्रहणकर्ता नभएमा सो अङ्ग अर्को compatible रक्त समूहमा प्राथमिकताका आधारमा वितरण गर्न सकिनेछ ।

(ग) <u>मृगौला वितरण (Sharing) को निर्धारण प्रणाली (Allocation Algorithm):</u>

(१) प्रतीक्षा सूचीमा सक्रिय रहेको अवधि पहिलो पटक सक्रिय सूचीमा रहेको मितिबाट गणना गरिने,

(२) निरन्तर डायलाइसिसमा रहेको समय अवधिका लागि प्रत्येक महिनाको एक/एक अङ्क दिइने,

(३) अठार वर्ष भन्दा मुनिका बालबालिकाका लागि पचास अङ्क थप गरिने,

(४) उपखण्ड (२) र (३) बमोजिम गणना हुन आउने जम्मा अङ्कभारको आधारमा प्राथमिकता क्रम निर्धारण गरिने।

२. **<u>कलेजो प्रत्यारोपणका लागि:</u>**

(क) मृतदाताको कलेजो प्रत्यारोपणको लागि योग्य बिरामी सम्बन्धित स्वास्थ्य संस्थामा दर्ता भएको र केन्द्रीय प्रतिक्षा सूचीमा सूचीकृत भएको हुनु पर्नेछ ।

(ख) डिकम्पेन्सेटेड सिरोसीस भएका बिरामीले कलेजो प्रत्यारोपणका लागि चाहिने मापदण्ड श्रेणी मोडल फर इन्ड स्टेज लिभर डिजिज (Model for End Stage Liver

Disease-MELD) को प्राप्ताङ्क पन्ध्र भन्दा माथि हुनु पर्नेछ । कलेजोको क्यान्सर भएका बिरामी यु.सी.एस.एफ. (University of California at San Francisco-UCSF) को मापदण्ड भित्र पर्नु पर्नेछ ।

(ग) सूचीकृत रोगीको अवस्था सम्बन्धित अस्पतालले मासिक रूपमा अद्यावधिक गर्नु पर्नेछ।

(घ) <u>कलेजो वितरण (Sharing) का आधार, मापदण्ड तथा प्राथमिकताः</u>

(१) सोह्र वर्ष भन्दा कम उमेरको नाबालक दाताबाट प्राप्त भएको कलेजो पहिलो चरणमा नाबालक बिरामीले पाउनेछ । कुनै नाबालक बिरामी योग्य नपाइएमा सो कलेजो वयस्क बिरामीलाई दिइनेछ ।

(२) <u>रक्त समूहको आधारमा प्राथमिकताः</u>

(अ) रक्त समूह ए (A) भएको दाताबाट रक्त समूह ए (A) भएको ग्रहणकर्तामा,

(आ) रक्त समूह बी (B) भएको दाताबाट रक्त समूह बी (B) भएको ग्रहणकर्तामा,

(इ) रक्त समूह एबी (AB) भएको दाताबाट रक्त समूह एबी (AB) भएको ग्रहणकर्तामा,

(ई) रक्त समूह ओ (O) भएको दाताबाट रक्त समूह ओ (O) भएको ग्रहणकर्तामा ।

तर एकै रक्त समूहको योग्य ग्रहणकर्ता नभएमा सो अङ्ग अर्को समूहमा वितरण गर्न सकिनेछ ।

(ङ) <u>कलेजो वितरण (Sharing) को निर्धारण प्रणाली (Allocation Algorithm):</u>

(१) मृत दाताको रक्त समूह र रगत जाँच भएपछि माथि उल्लिखित मापदण्डका आधारमा निर्धारण गर्ने,

(२) एकै पटक बहुअङ्ग प्रत्यारोपण गर्नु पर्ने ग्रहणकर्तालाई प्राथमिकता दिने,

(३) बहुअङ्ग प्रत्यारोपण ग्रहणकर्ता नभएमा प्राप्त कलेजो डिकम्पेनसेटेड सिरोसीस भएका ग्रहणकर्तालाई दिने ।

३. **<u>मुटु प्रत्यारोपणको लागि:</u>**

(क) सम्बन्धित विशेषज्ञबाट बिरामी मुटु रोगको अन्तिम स्थितिमा पुगेको र अन्य कुनै वैकल्पिक उपचार छैन भनी प्रमाणित भएका व्यक्ति मात्र मुटु प्रत्यारोपण गर्न चाहने व्यक्तिको प्रतिक्षा सूचीमा रहनेछन् ।

(ख) <u>मुटु प्रत्यारोपणको लागि वितरण (Sharing) का आधार, मापदण्ड तथा प्राथमिकता:</u>

(१) ABO सँगको अनुकूलता- एकवर्ष भन्दा माथिका बाल रोगी,

(२) आकार र वजनसँगको अनुकूलता- दाताको वजन भन्दा ग्रहण गर्ने व्यक्तिको वजन बीस प्रतिशत बढी वा घटी सम्म रहेको हुनु पर्ने,

तर बाल रोगको अवस्थामा भने दाता र ग्रहण गर्ने व्यक्तिको उमेरको कारण दाता र ग्रहण गर्ने व्यक्तिको वजन अनुपातमा फरक देखिएपनि प्रत्यारोपण गर्न सकिनेछ ।

(३) ग्रहण गर्ने व्यक्तिले प्रतीक्षा गरेको समय,

(४) स्रोत साधनको व्यवस्था,

(५) टिस्यु क्रसम्याच विधि अनुकुलता ।

४. **<u>फोक्सो प्रत्यारोपणको लागिः</u>**

(क) सम्बन्धित विशेषज्ञबाट बिरामी फोक्सो रोगको अन्तिम स्थितिमा पुगेको र अन्य कुनै वैकल्पिक उपचार छैन भनी प्रमाणित भएका व्यक्ति मात्र फोक्सो प्रत्यारोपण गर्ने चाहने व्यक्तिको प्रतिक्षा सूचीमा रहनेछन् ।

(ख) <u>फोक्सो प्रत्यारोपणको लागि बितरण (Sharing) का आधार, मापदण्ड तथा प्राथमिकताः</u>

(१) <u>प्रारम्भिक छनौट प्रकृयाः</u>

(अ) रोगको जटिलता तथा स्वास्थ्य संस्थामा उपलब्ध सेवा सुविधा,

(आ) प्रत्यारोपणको दीर्घकालीन असर तथा दाता र ग्रहणकर्ताको सि.एम.भि. (CMV) स्थिति,

(इ) ग्रहणकर्ताले प्रतिक्षा गरेको समय ।

(२) <u>फोक्सो विनियोजन र विभाजनको मापदण्डः</u>

(अ) ABO रक्त समूहको जोडी र अनुकूलता,

(आ) छातीको एक्सरेको नापको अनुकूलता र फोक्सोको कुल क्षमता,

(इ) टिस्यु क्रसम्याच विधि अनुकुलता।

५. **<u>प्राथमिकताका आधारमा अङ्ग प्राप्त गर्ने सम्भावित व्यक्तिलाई सूचित गर्ने प्रक्रिया:</u>**

(क) प्रत्येक अङ्गका लागि प्राथमिकताको सूचीमा सक्रिय र सबै भन्दा बढी अङ्ग प्राप्त गर्ने तीनजना व्यक्तिलाई सूचित गरिनेछ। तीमध्ये प्राप्त अङ्गका आधारमा सबै भन्दा बढी अङ्ग प्राप्त गर्ने योग्य व्यक्तिमा स्वास्थ्य संस्थामा अङ्ग प्रत्यारोपण गरिनेछ।

(ख) पहिलो प्राथमिकताको सूचीमा पर्ने सबैभन्दा बढी अङ्ग प्राप्त गर्ने योग्य व्यक्ति कुनै कारणवश प्रत्यारोपणको लागि योग्य नभएमा दोस्रो, तेस्रो र क्रमश बढी अङ्ग प्राप्त गर्ने प्राथमिकताको सूचीमा रहेका अन्य योग्य व्यक्तिलाई सूचित गरी सूचीकृत रहेको प्रत्यारोपण केन्द्रमा अङ्ग प्रत्यारोपण गरिनेछ।

(ग) प्रत्यारोपणको लागि प्रतिक्षा सूचीमा रहेका प्रत्येक व्यक्तिले कम्तीमा छ/छ महिनामा प्रत्यारोपण केन्द्रमा स्वास्थ्य परीक्षणको रिपोर्ट पेश गर्नु पर्नेछ ।

(घ) मृगौला प्रत्यारोपण हुने अस्पतालमा मृगौला दान गरिने भएमा प्राप्त मृगौला मध्ये एक मृगौला सोही अस्पतालको प्रतिक्षा सूचीमा रहेका व्यक्तिलाई प्रतिक्षा सूचीको प्राथमिकताका आधारमा वितरण गरिनेछ र बाँकी मृगौला केन्द्रीय प्रतिक्षा सूचीको प्राथमिकताका आधारमा वितरण गरिनेछ ।"

**आज्ञाले,**
**लक्ष्मण अर्याल**
**नेपाल सरकारको सचिव ।**